# नबिल बैंक लिमिटेडको
# २४ औं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको २४ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सत्येन्द्र प्यारा श्रेष्ठज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो :

२. **सभाको मिति, स्थान र समय**

मिति : २०६५ आश्विन १३ गते, सोमबार (२९ सेप्टेम्बर २००८)
स्थान : श्री नेपाल प्रज्ञा प्रतिष्ठानको सभाकक्ष, कमलादी, काठमाडौं
समय : बिहान १०:०० बजे प्रारम्भ भई अपरान्ह २:३० बजे सम्पन्न भएको

३. **सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको २४औं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०६३।६४ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरण समेत सबै शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६५।५।२१ र २०६५।५।३१ को "राजधानी" दैनिकमा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषय**

(क) <u>सामान्य प्रस्ताव</u>

१. सञ्चालक समितिको प्रतिवेदन २०६४।६५ पारित गर्ने,
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्विकृत गर्ने,
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश स्वीकृत गर्ने,
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६५/६६ (२००८/०९) को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने
(बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखा परीक्षक श्री टि.आर. उपाध्याय पुन: नियुक्त हुन सक्नु हुने छैन)
५. बैंकको नियमावली अनुसार "ग" वर्गका सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्ने ।
(साविकका सञ्चालकद्धय श्री शम्भु प्रसाद पौड्याल तथा श्री दयाराम गोपाल अग्रवाल बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा २०(२) अनुसार पुन: निर्वाचित हुन सक्नु हुनेछ)

(ख) विशेष प्रस्ताव

१. २०६५ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रू. ९६,४९,०२,४००।- पु-याउन ५:२ (अर्थात् प्रत्येक ५ शेयर बराबर २ शेयर वा प्रत्येक शेयरको ४०%) को अनुपातमा बोनश शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा कुनै भिन्न अंक (fraction) आएमा शेयरधनी समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनश शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न स्वीकृत गर्ने ।

२. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने

(ग) विविध

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप उपस्थित सञ्चालकहरू

| | | |
|---|---|---|
| १. | श्री सत्येन्द्र प्यारा श्रेष्ठ | अध्यक्ष |
| २. | श्री शम्भु प्रसाद पौड्याल | सञ्चालक |
| ३. | श्री दयाराम गोपाल अग्रवाल | सञ्चालक |
| ४. | श्री मिलन विक्रम शाह | सञ्चालक |
| ५. | श्री अच्यूत प्रसाद बजगाइं | व्यावसायिक/स्वतन्त्र सञ्चालक |
| ६. | श्री मोईयुद्दिन अहमद | सञ्चालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री अनिल शाह | प्रमुख कार्यकारी अधिकृत |

५.३ शेयरधनीहरूको उपस्थिति

जम्मा उपस्थित संख्या २३०

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या ("क" "ख" "ग" समूह) | ७,४४१ | २३० | |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | ६८,९२,१६० | ४६,५४,६६२ | ६७.५३% |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको २४ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २३० भएको र कुल शेयरको ६७.५३% प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै बिहान १०:०० बजे अध्यक्ष श्री सत्येन्द्र प्यारा श्रेष्ठज्यूको सभापतित्वमा बैंकको २४औं वार्षिक साधारण सभा शुरू गर्न सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरूको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. बाईसौं वार्षिक प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०६४।६५ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व. २०६५।६६ को प्रथम एक महिना (श्रावण मसान्त २०६५) को संक्षिप्त प्रगति विवरण अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो ।

८.२ तत्पश्चात् सभापतिज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको रू. ३७,१३,२७,५९,१४९।- को दायित्व तथा जायजेथा भएको वासलात र रू. १,७४,५६,०२,३३६।- आम्दानी, रू. ९९,९१,३३,९४२।- (आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा साधारण जगेडा कोष वापत रू. १५,००,००,०००।-, भैपरी आउने जगेडा कोष वापत रू. १०,००,०००।-, प्रस्तावित लाभांश वापत रू. ४१,३५,२९,६००।-, प्रस्तावित बोनश शेयर वापत रू. २७,५६,८६,४००।- र सटही घटबढ कोष वापत रू. ८४,००,०००।- छुट्याई बांकी रहेको संचित मुनाफा रू. १६,२५,४४,५८९।- (गत वर्षको संचित मुनाफा रू. १६,०५,९२,०३५।- (स्थगन कर सम्पत्ति सहित) पूंजी समायोजन कोषबाट रकमान्तर गरेको रू. १०,४१,००,१६०।- समेत) वासलातमा सारिएको तथा अन्तिम नगद मौज्दात रू. २,६७,११,४१,०५५।- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरू

९.१ बैंकको आ.व. २०६४।६५ को प्रतिवेदन, २०६५ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरू समक्ष अनुरोध गर्नुभए पश्चात्

देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा प्रत्यक्ष रूपले सहभागी हुंदै देहाय अनुसार प्रश्न तथा सुझावहरू व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरूको नाम :

१. डा. श्री माधव कुमार श्रेष्ठ
२. श्री विजय राम माथेमा
३. श्री अमृत नाथ रेग्मी
४. श्री ठाकुर प्रसाद कोईराला
५. श्री राजेश शाक्य
६. श्री ईश्वर दाश कर्माचार्य
७. श्री तारानाथ सुवेदी
८. श्री रामलाल श्रेष्ठ
९. मेजर श्री कुबेर श्रेष्ठ
१०. श्री डमरू बल्लभ घिमिरे
११. श्री बिमल कुमार जोशी
१२. श्री रोज कुमार श्रेष्ठ
१३. श्री लवराज जोशी
१४. श्री नारायण सुन्दर श्रेष्ठ

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूले सामूहिक रूपमा व्यक्त गर्नुभएका सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरूले :

(क) आर्थिक वर्ष २०६४।६५ समाप्त भएको २ महिना १३ दिनको छोटो अवधि भित्रमा नै साधारण सभा बोलाएकोमा सञ्चालक समिति तथा व्यवस्थापनको सराहना गर्नुभयो ।
(ख) प्रति शेयर रू. ६०।- नगद लाभांश तथा ४०% बोनश शेयर समेत गरी जम्मा १००% को प्रतिफल प्रस्ताव गरेकोमा पनि धन्यवाद ज्ञापन गर्दै सम्भव भए बोनश शेयर ६०% र नगद लाभांश ४०% प्रस्ताव गर्न सुझाव गर्नुभयो ।
(ग) प्रस्तावित लाभांश दशैं बिदा शुरू हुनु अगावै वितरण गर्न सुझाव गर्नुभयो ।
(घ) सञ्चालक तथा कर्मचारीहरूलाई पनि उचित रूपमा पुरस्कृत गर्न सुझाव व्यक्त गर्नुभयो ।
(ङ) संघारमा आईपुगेको महान चाड बडादशैं, २०६५ तथा दिपावलीको उपलक्ष्यमा सबैप्रति शुभकामना व्यक्त गर्नुभयो ।
(च) सभामा उपस्थित हुने शेयरधनीहरूलाई चिया/चमेनाको व्यवस्था नभएको र परिवहन खर्च वितरण नगरेकोमा दु:ख व्यक्त गर्नुभयो ।

## ११. छलफलमा सहभागी हुनेहरूको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनीहरूले बूंदागत रूपमा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, प्रश्न एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :

### ११.१ डा. श्री माधव कुमार श्रेष्ठ

- प्रतिवेदन कम्पनी ऐन अनुकुल भएन ।
- चालु आ.व. को निमित्त प्रति शेयर आय वृद्धिदर लक्ष्य कति छ ?

- लेखा परीक्षकको प्रमुख दायित्व fraud/forgery पत्ता लगाउनु भएकोले त्यसतर्फ ध्यान पुगे-नपुगेको प्रति व्यवस्थापन सजग छ कि छैन ?
- नेपाल राष्ट्र बैंकले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदनमा उल्लेखित कैफियत र सो बारे सञ्चालक समिति/व्यवस्थापनको राय समेत सभालाई जानकारी गराउने व्यवस्था होस् ।
- नेपाल राष्ट्र बैंकले तोके बमोजिम बैंकको चुक्ता पूंजी वृद्धि गर्ने योजना के छ ?
- बैंकको शाखा विस्तार योजना के छ ?
- बैंकले हासिल गरेको उपलब्धि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मापदण्डसंग समेत तुलना गरी प्रतिवेदनमा उल्लेख गर्ने गरियोस् ।

  (Corporate Leadership Prescription By Ten Letter Word "LEADERSHIP" को Seventh Letter "S" को सम्बन्धमा दिईएको लिखित विश्लेषण अध्ययनको निमित्त बैंकमा सुरक्षित राखिएको छ ।)

## ११.२ श्री विजय राम माथेमा

- बैंकको सफलताको निमित्त सञ्चालक समिति एवं व्यवस्थापन दुवै पक्ष धन्यवादका पात्र छन् ।
- समिक्षा वर्षमा देखाईएको निक्षेप वृद्धि सराहनीय छ, निक्षेप वृद्धिदर कायम राख्ने निरन्तर प्रयत्न होस् ।
- अघिल्लो वर्षको तुलनामा शंकास्पद नोक्सानी व्यवस्थाबाट फिर्ता आएको रकम (write back) मा वृद्धि हुनु सकारात्मक पक्ष भएतापनि समिक्षा अवधिमा असुली हुन नसक्ने कर्जातर्फ भएको अपलेखनको रकममा २६५% ले वृद्धि हुनु चिन्ताजनक छ । यसतर्फ सञ्चालक समिति र व्यवस्थापन दुवै पक्ष सजग रहनु जरूरी छ ।
- दक्ष, अनुभवी कर्मचारीलाई retain गर्न उपयुक्त योजना लागु गरियोस् ।
- लघुकर्जा प्रवाहमा विशेष जोड दिईयोस् ।

## ११.३ श्री अमृत नाथ रेग्मी

- प्रतिस्पर्धामा बैंक अघि बढ्दै गएको देखिएपनि पछि स्थापना भएका केही संस्थाहरूको व्यावसायिक वृद्धिदर झन् आकर्षक देखिएकोले बैंक चनाखो रहनु पर्ने आवश्यकता देखिएको छ ।
- प्रतिस्पर्धीहरूको दांजोमा नबिल बैंकको गैन्ह ब्याज आय चौथो स्थानमा रहेकोले यसलाई वृद्धि गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- शिर्षस्थ खर्च नियन्त्रण गर्न आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।
- विदेशी मुद्रा कारोवार एवं व्यवस्थापन पक्ष कमजोर देखिएको छ ।
- देश एकात्मक राज्य प्रणालीबाट संघीय राज्य प्रणालीमा रूपान्तरण हुन लागेको अवस्थामा बैंकको कार्य सञ्जाल विस्तार गर्ने रणनीति लिएको छ, छैन ?
- बैंकको बजार हिस्सा (Market Share) कति छ, अध्ययन गरी कम देखिएका कार्यक्षेत्रको हिस्सा विस्तार गर्दै जाने परिपाटी अवलम्बन गरियोस् ।

## ११.४ श्री ठाकुर प्रसाद कोईराला

- बैंकको सेवा वस्तुगत एवं क्षेत्रगत रूपमा विस्तार गरियोस् ।
- शाखा विस्तार गर्दा राष्ट्रिय प्राथमिकताप्राप्त भौगोलिक क्षेत्रमा विस्तार गर्न विशेष ध्यान दिईयोस् ।
- दीर्घकालीन योजना तयार पार्दा विषय विशेषज्ञहरूको राय पनि प्राप्त गर्ने गरियोस् ।

### ११.५ श्री राजेश शाक्य

- समिक्षा वर्षको बैंकको लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षकको अन्तर्राष्ट्रिय संस्था KPMG संगको सम्वद्धता कस्तो प्रकृतिको हो, स्पष्ट नभएको हुंदा स्पष्ट पारियोस् ।
- समिक्षा वर्षमा स्थिर सम्पत्ति तर्फ वासलातमा देखाईएको वृद्धि सम्बन्धमा स्पष्ट पारियोस् ।
- वासलातमा कर्जा तथा निक्षेपको Concentration पक्षबारे पनि उल्लेख गर्ने गरियोस् ।

### ११.६ श्री ईश्वर दास कर्माचार्य

- खुद मुनाफाको दृष्टिकोणले नबिल बैंकको स्थान दोश्रो छ, तर पहिलो र दोश्रो बीचको खाडल बढ्दै गएकोले सचेत हुन आग्रह गर्दछु ।
- साधारण जगेडा कोष, संचित मुनाफा एवं लाभांश समीकरण कोषको प्रयोग गरी चुक्ता पूंजी वृद्धि गर्ने तर्फ ध्यान दिईयोस् ।
- शंकास्पद नोक्सान व्यवस्थाको निमित्त छुट्याईएको रकममा वृद्धि हुंदै जानु चिन्ताजनक छ ।
- कर्जा अपलेखन गर्दा विवेकपूर्ण निर्णय लिईयोस् ।
- यसै सभाबाट पारित हुने नगद लाभांश कहिलेबाट वितरण हुने हो, स्पष्ट होस् ।

### ११.७ श्री तारानाथ सुवेदी

- राज्य द्वन्द्वपछि बन्दको चरण प्रवेश गरेको अवस्थामा पनि सराहनीय नतिजा हासिल गर्न सफल भएकोमा बैंक परिवार धन्यवादको पात्र छ ।
- प्रतिशतको आधारमा गत वर्षको तुलनामा यस वर्ष शेयरधनीलाई वितरण गर्न प्रस्ताव गरिएको प्रतिफल कम देखिएतापनि मूल्यको आधारमा न्यून रूपमा भएपनि गत वर्ष भन्दा बढी नै प्रतिफल प्रस्ताव गर्नु अर्को सकारात्मक पक्ष हो ।
- जेठो बैंक जेठै रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु । तथापि पछि आएका केही संस्थाले उछिन्न सक्ने स्थिति देखिसकिएकोले त्यसतर्फ सजग रहन अनुरोध गर्दछु ।
- सन् २०१० पछि विदेशी बैंकहरूले पनि नेपालमा शाखा विस्तार गर्न सक्ने हुंदा यस चुनौतीको सामना गर्न बैंक तयार रहनु पर्ने सुझाव व्यक्त गर्दछु ।

### ११.८ श्री रामलाल श्रेष्ठ

- प्रतिवेदनमा उल्लेखित सञ्चालकहरूको परिचय स्पष्ट नभएकोले आगामी प्रतिवेदनमा समूहगत प्रतिनिधित्व खुल्ने गरी स्पष्ट पारियोस् ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार बैंकले अन्य बैंक तथा वित्तीय संस्थाको शेयरमा लगानी गर्न नपाउने र भएको लगानी पनि बेमाख गर्नुपर्ने व्यवस्था गरेकोमा प्रतिवेदनमा अद्यापि केही वित्तीय संस्थाको शेयरमा बैंकको लगानी देखिएकोले कहिलेसम्म बेमाख गर्ने हो, स्पष्ट पारियोस् ।
- सञ्चालकको निर्वाचनमा उम्मेदवारी दिन रू. ५,०००।- शुल्क बुझाउनु पर्ने व्यवस्था सर्वथा नौलो र अव्यावहारिक भएकोले खारेज हुन सुझाव गर्दछु ।

### ११.९ मेजर श्री कुबेर श्रेष्ठ

- बैंकले आर्जन गरेको नाफा अनुरूप शेयरधनीहरूलाई प्रस्ताव गरेको प्रतिफल, सुविधा न्यून देखियो ।
- बैंकको सञ्चालक समिति र व्यवस्थापन "हामीले जे गरेपनि ठीक" भन्ने चिन्तनबाट ग्रस्त देखियो, यसलाई सच्याईयोस् ।

- सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको चुनाव प्रक्रिया लोकतान्त्रिक आचरणको भएन ।
- शेयरधनीहरूको भूमिका पनि सशक्त भएन ।
- नेपाल औद्योगिक विकास निगमले बिक्री गरेको शेयरको पुनर्खरिद-बिक्री हुन नसकेकोले खरिद-बिक्री खुलाउन आवश्यक पहल गर्नुपर्‍यो ।
- कर्मचारी पोशाकमा भएको खर्च धेरै देखिएकोले कटौती गरियोस् ।
- द्वन्द्व पिडित तथा विपन्न वर्गका ५०/६० जना जेहेन्दार छोराछोरीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरियोस् ।

## ११.१० श्री डमरू बल्लभ घिमिरे

- जनसम्पर्कको स्थिति नाजुक छ, सुधार गरियोस् ।
- चुनावको कार्यतालिका प्रचार प्रसार किन गोप्य राखियो ?
- घरजग्गा खरिद गर्दा परेको मूल्यको खुलासा होस् ।
- भाद्र २०, २०६५ पछि "ग" वर्गबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको हैसियत के छ ?

## ११.११ श्री बिमल कुमार जोशी

- सभामा भाग लिन आउने शेयरधनीहरूलाई यातायात खर्च तथा जलपानको व्यवस्था गर्न अनुरोध गर्दै पुन:निर्वाचित सञ्चालकलाई फुलमाला पहिर्‍याई स्वागत गर्नुभयो ।

## ११.१२ श्री रोज कुमार श्रेष्ठ

- पूंजी वृद्धिको प्रस्ताव "१ नम्बरको बैंक" हुने लक्ष्य अनुरूप भएन ।
- नेपाल औद्योगिक विकास निगमले बिक्री गरेको शेयरको पुनर्खरिद-बिक्रीको निमित्त आवश्यक पहल गरियोस् ।
- साधारण सभाको सूचना प्रकाशित गर्दा भ्रम नहुने गरी प्रकाशित गरियोस् ।
- लेखा परीक्षकले औंल्याएका त्रुटिहरूबारे यस सभालाई पनि जानकारी गराईयोस् ।

## ११.१३ श्री लवराज जोशी

- बैंकको प्रगतिको निमित्त अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार पारी लागु गरियोस् ।
- साधारण सभामा शेयरधनीहरूले इंगित गरेका बूंदाहरूको कार्यान्वयन बारे लेखाजोखा गर्ने प्रणालीको विकास होस् ।
- बैंकले सर्वसाधारण नेपालीको औसतन वार्षिक आय वृद्धि गर्न सघाउ पुर्‍याउने किसिमका आयोजनाहरूमा लगानी वृद्धि गर्दै जाओस् ।
- बैंकको प्रत्येक शाखाको निमित्त आफ्नै घरजग्गाको व्यवस्था गर्दै जाने प्रणालीको विकास गरियोस् ।
- संस्थागत सामाजिक दायित्व अन्तर्गत विपन्न, पिछडिएका, दलित आदिको उत्थान हुने कार्यक्रम लागु गरोस् ।

## ११.१४ श्री नारायण सुन्दर श्रेष्ठ

- सञ्चालक समितिको प्रतिवेदन एवं वित्तीय विवरण पुस्तिका सबै शेयरधनीलाई प्रेषित गर्ने व्यवस्था होस् ।
- नाफामूलक व्यावसायिक संस्था भएकोले सोही अनुरूप बैंक सञ्चालन हुनु पर्दछ ।
- प्रति शेयर प्रतिफल (ROE) को आधारमा बैंक चौथौ देखिएकोले ROE वृद्धि गर्ने प्रयत्न होस् ।

- प्रतिवद्धता अनुरूप बैंकले नतिजा देखाउन सकेको छैन, तसर्थ सञ्चालक समिति सजग रहोस् ।
- नाफा (नोक्सान) बांडफांडको निमित्त पुरानो जगेडा प्रयोग गर्नु भन्दा आय वृद्धि गर्ने सोच राखियोस् ।

**१२. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरूको जवाफ**

शेयरधनी महानुभावहरूले सभामा व्यक्त गर्नुभएका सराहनाप्रति आभार व्यक्त गर्दै प्रकट भएको जिज्ञांशा तथा प्रश्नहरूको सभापतिज्यूले सामूहिक रूपमा देहाय बमोजिम उत्तर दिनुभयो :

- सञ्चालक समितिको प्रतिवेदनमा ऐनले निर्दिष्ट गरेको बूंदाहरूका साथै थप उपयुक्त सूचना प्रवाह गर्ने प्रयास गरेका छौं । तथापि आगामी दिनहरूमा अझ परिमार्जन एवं सूचनामूलक बनाउने निरन्तर प्रयास रहनेछ ।
- देशको समग्र स्थिति प्रतिकुल नभएमा चालु आ.व. मा समिक्षा वर्षको भन्दा बढी प्रति शेयर आय वृद्धि गर्ने लक्ष्य लिएका छौं र तदनुरूप रणनीतिक योजना तयार पारी कार्यान्वयन गर्दैछौं ।
- समिक्षा वर्षमा बैंकमा कुनै किसिमको fraud/forgery नभएको व्यहोरा लेखा परीक्षकको प्रतिवेदनले नै स्पष्ट पारेको छ ।
- कानूनी एवं व्यावसायिक दृष्टिकोणले उपयुक्त हुने सबै किसिमका सूचना प्रवाह गर्दै आएका छौं र यसलाई भविष्यमा निरन्तरता दिनेछौं ।
- नेपाल राष्ट्र बैंकले तोकेको समयसिमा भित्रै वा सो भन्दा अगावै तोकिए बमोजिम पूंजी वृद्धि गर्न बैंक कटिवद्ध छ र यसैका निमित्त गत वर्षको साथै यस सभामा पनि बोनश शेयर प्रस्ताव प्रस्तुत गरेका छौं ।
- व्यावसायिक दृष्टिकोणले उपयुक्त देखिएका स्थानहरूमा क्रमश: शाखा विस्तार गर्दै जाने लक्ष्य लिएका छौं र चालु आ.व. मा पनि केही शाखा विस्तार गर्ने प्रक्रियामा छौं ।
- प्रति शेयर प्रतिफल (ROE) को दृष्टिकोणले यहांहरूको बैंकको उपलव्धि अन्तर्राष्ट्रिय रूपमा नै तुलनीय छ ।
- निक्षेप नै बैंकको मुख्य "कच्चा पदार्थ" भएको हुंदा निक्षेप वृद्धिको निमित्त निरन्तर प्रयत्नशील छौं ।
- प्रतिशतको आधारमा समिक्षा वर्षमा अपलेखन भएको अंक धेरै देखिएतापनि मूल्यगत रूपमा स्वीकारयोग्य नै मान्नुपर्दछ तथापि अपलेखन पश्चात् पनि असुलीको कारवाही समानान्तर रूपमा अगाडी बढाउंदै गएका छौं ।
- दक्ष कर्मचारीहरूलाई स्वीकृत मापदण्ड अनुसार पुरस्कृत गर्दै retain गर्ने बैंकको नीति रहेको जानकारी गराउंदछौं ।
- कमजोर पक्ष सुधार गर्दै जान र सबल पक्ष अझै सुदृढ गर्न बैंक सदैव प्रयत्नशील छ ।
- बैंकको बजार हिस्सा वृद्धि गर्न नै कार्यक्षेत्र भौगोलिक र एवं वस्तुगत (product-wise) रूपमा विस्तार गर्दै जाने रणनीति अवलम्बन गरेका छौं ।
- योजना तर्जुमा गर्दा विदेशी विशेषज्ञहरूको राय समेत प्राप्त गर्ने गरेका छौं ।
- समिक्षा वर्षको बैंकको हिसाबकिताब लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षक श्री टि.आर. उपाध्यायको अन्तर्राष्ट्रिय संस्था KPMG संगको संलग्नता "Correspodent Firm of KPMG – A Swiss Association" भएको अभिलेख छ ।
- कर्जा तथा निक्षेपको "Concentration Risk" सम्बन्धमा नियमित रूपमा अध्ययन गरी आवश्यक कदम चाल्ने गरिएको छ ।

- "असल" कर्जाको निमित्त पनि कर्जा रकमको १% शंकास्पद नोक्सानी तर्फ व्यवस्था गर्नुपर्ने र समिक्षा वर्षमा बैंकले प्रवाह गरेको कर्जा, अधिविकर्ष तथा बील डिस्काउण्टमा कुल रू. ५ अर्ब ८२ करोडले भएको वृद्धिले गर्दा शंकास्पद नोक्सानी व्यवस्थामा वृद्धि भएको हो ।
- स्वीकृत नीतिभित्र रही कर्जा अपलेखन गर्ने हुंदा यसलाई अन्यथा नमान्न अनुरोध छ ।
- प्रस्तावित नगद लाभांश सभाबाट पारित भएमा दशैं अगावै (आश्विन १६ र १८ गते सार्वजनिक बिदाको दिनमा समेत) वितरण गर्ने प्रबन्ध मिलाएका छौं ।
- विद्यमान एवं भविष्यमा हुन सक्ने प्रतिस्पर्धाको समेत ख्याल गरी कार्ययोजना तयार पारी तदनुकुल व्यवसाय सञ्चालन भईरहेको छ ।
- श्रोतले भ्याएसम्म शेयरधनीहरूलाई प्रदान गर्ने प्रतिफल वृद्धि गर्दै लैजाने छौं ।
- हाल बैंकले लघुवित्त कर्जा प्रदान गर्ने संस्थाको शेयरमा मात्र लगानी गरेको छ र यस्तो लगानीलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले छुट दिएको छ ।
- बैंकको सञ्चालक समिति एवं व्यवस्थापन प्रचलित ऐन कानून एवं नेपाल राष्ट्र बैंकको निर्देशनको पूर्ण पालना गर्दै यहांहरूको बैंकलाई अघि बढाउन कटिवद्ध छौं । विगतमा भएका काम कारोवारको निश्चित अन्तरालमा सिंहावलोकन गरी भेटिएका कमी कमजोरी पनि सच्याउदै लगेका छौं र यस कार्यलाई भविष्यमा पनि निरन्तरता दिनेछौं ।
- "ग" वर्गका शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद दुईको निर्वाचन कार्यक्रम पत्रिकामा समेत प्रकाशित गर्ने सम्भवत: नबिल पहिलो बैंक हो । तसर्थ यसलाई लोकतान्त्रिक भएन भन्नु न्यायसंगत देखिएन ।
- कर्मचारी संख्याको हिसाब गर्दा पोशाक खर्च स्वीकारयोग्य नै देखिएको छ ।
- संस्थागत सामाजिक दायित्व अन्तर्गत हाल शिक्षा, स्वास्थ्य र खेलकुद विकासमा योगदान गर्दै आएका छौं । यस पुनीत कार्यलाई श्रोत र साधनले भ्याएसम्म भविष्यमा पनि क्रमिक रूपमा विस्तार गर्नेछौं ।
- "ग" वर्गका शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकद्धय श्री शम्भु प्रसाद पौड्याल तथा श्री दयाराम गोपाल अग्रवालको २०६५।५।२० मा पदावधि समाप्त भएपछि कम्पनी ऐन, २०६३ बमोजिम यसै साधारण सभासम्मको निमित्त वहांहरूलाई समितिमा निरन्तरता दिईएको र सञ्चालक समितिमा वहांहरूको उपस्थिति पूर्णत: वैधानिक भएको सभा समक्ष अनुरोध गर्दछु ।
- नेपाल राष्ट्र बैंकबाट भएको स्थलगत निरीक्षण एवं पूर्वसभाबाट नियुक्त लेखा परीक्षकको प्रतिवेदनमा समेत बैंकको क्रियाकलापमा कुनै गम्भीर प्रकृतिको त्रुटि उल्लेख नभएको र उल्लेख भएका सानातिना बूंदाहरू सच्याई सकिएको जानकारी गराउंदछौं ।
- प्रचलित कानून, नेपाल राष्ट्र बैंकको निर्देशन एवं बैंकको सञ्चालक समितिबाट स्वीकृत कर्जा नीतिभित्र रही बैंकको हित सुरक्षित एवं संरक्षण हुने सबै किसिमका आयोजनामा लगानी गर्ने गर्दछौं ।
- क्रमिक रूपमा बैंकको आफ्नै घर/जग्गाको विकास र विस्तार गर्ने बैंकको लक्ष्य रहेको छ ।

तत्पश्चात् सभापतिज्यूले समिक्षा वर्षमा बैंकले खरिद गरेको घर/जग्गा लगायतका विषयमा सभालाई स्पष्ट पार्न सञ्चालक श्री शम्भु प्रसाद पौड्याललाई अनुरोध गर्नु भएकोमा श्री पौड्यालले देहायको व्यहोरा उल्लेख गर्नुभयो :

- सर्वप्रथम "ग" वर्गका शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन यसै सभाबाट हुनुपर्ने र सो पदको निमित्त आफु

पनि एक उम्मेदवार भएकोमा सहृदयी शेयरधनी साथीहरूले आफ्ना साविककै प्रतिनिधिहरूप्रति पूर्णत: विश्वस्त रही निर्विरोध निर्वाचित हुने वातावरण श्रृजना गरी आफुलाई समेत निर्विरोध पूनर्निवाचित गराईदिएकोमा हृदय देखिनै आभार प्रकट गर्दछु र शेयरधनी साथीहरूकै हितलाई ध्यानमा राखी बैंकलाई अझ अगाडी बढाउन सदैव प्रयत्नशील रहनेछु ।

- घर/जग्गा खरिदको सम्बन्धमा बैंकको मुख्य शाखा कार्यालय रहेको कान्तिपथ स्थित भवनको स्वामित्व परिवर्तनले गर्दा मुख्य शाखा कार्यालयको निमित्त वैकल्पिक स्थान खोज्नैपर्ने बाध्यता श्रृजना भएपछि आफ्नो अगुवाईमा व्यवस्थापनका प्रतिनिधि समेतको टोलीले धेरै नै घर/जग्गाको खोजवीन एवं सम्बन्धित घर/जग्गाधनीसंग छलफल गरेको र अन्तत: व्यापारिक दृष्टिकोणले समेत उपयुक्त देखिएको, मुख्य शाखा कार्यालयलाई पूर्ण रूपमा पुनर्स्थापित गर्न सकिने काठमाडौं, दरबारमार्ग (लालदरबार कम्पाउण्ड स्थित), साविकको दरबार होटलको घर/जग्गा र यसैको उत्तरतर्फ जोडिएको जग्गा बैंकले खरिद गरेको छ ।

  दरबार होटल खरिद पश्चात् केही विज्ञ प्राविधिकहरूसंग छलफल गर्दा बैंकको कारोवारको हिसाबले दैनिक बैंकमा आउने ग्राहक र बैंकका कर्मचारीहरूको सवारी साधन समेत पार्क गर्न खरिद भएको जग्गा अपुग हुने देखिएकोले पुन: सोही क्षेत्र दरबार होटलसंगै जोडिएको वा निकटमा रहेको घर/जग्गा खरिद गर्न भएको भरमग्दुर प्रयास पश्चात् दरबार होटलको पूर्वोत्तर तर्फ रहेको पुरानो घर टहरा समेत भएको जग्गा बैंकले थप खरिद गरेको छ ।

  उल्लेखित घर/जग्गा खरिद पश्चात् लालदरबार परिसरमा बैंकको स्वामित्वमा करिव ४०,००० वर्गफुटको घर, टहरा, भवन (जसमध्ये केही पुराना र बैंकको प्रयोगमा आउन नसक्ने हुंदा भत्काउनु पर्ने) सहित ३-१४-०-२ (तीन रोपनी चौध आना दुई दाम) क्षेत्रफल जग्गाको व्यवस्था भएको छ । उक्त घरजग्गा कुल मूल्य रू. २७.१२ करोडमा खरिद गर्ने कार्य भएको छ भने बैंकको नाममा घर/जग्गाको स्वामित्व परिवर्तन गर्दा सरकारी दस्तुर रू. १,०८,४८,०००।- लागेको पनि सभालाई जानकारी गराउंदछु ।

- कान्तिपथ शाखाको लागि गत वर्ष खरिद भएको उक्त घरजग्गा बाहेक नबिल बैंकको प्रधान कार्यालय रहेको "नबिल हाउस" आफ्नै स्वामित्वमा रहेको र यसको अलावा नयांसडक, बिराटनगर तथा पोखरा शाखा कार्यालयहरू पनि आफ्नै स्वामित्वको भवनमा रहनुका साथै वीरगञ्ज शाखा कार्यालयको निमित्त समेत उपयुक्त जमिन प्राप्त गरी भवन निर्माण गर्ने लक्ष्य रहेको पनि जानकारी गराउंदछौं ।

- नेपाल औद्योगिक विकास निगमका महाप्रबन्धक एवं बैंकका सञ्चालक श्री मिलन विक्रम शाहले धितोपत्र बजारले निश्चित गरेको मापदण्डभित्र रही सूचीकृत कम्पनीको शेयर खरिद-बिक्री हुने हुंदा यसतर्फ बैंकको खास कुनै भूमिका नरहने व्यहोरा अनुरोध गर्दै नेपाल औद्योगिक विकास निगमले बिक्री गरेको यस बैंकको शेयरको पुनर्खरिद-बिक्री गर्न कुनै कानूनी बाधा अड्चन नरहेको र पुनर्खरिद-बिक्रीको कार्यमा कुनै व्यावहारिक कठिनाई परेको भए त्यसलाई सहज बनाउन आवश्यक सहयोग गर्न नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई अनुरोध गर्ने व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

## १३. सभाको निर्णय

(क) सामान्य प्रस्ताव तर्फ

**१. निर्धारित विषय सूची (क) १. अनुरूप सञ्चालक समितिको प्रतिवेदन अनुमोदन गर्ने**

सभामा प्रस्तुत आ.व. २०६४।६५ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन ग-यो ।

**२. निर्धारित विषय सूची (क) २. अनुरुप वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित गर्ने**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित ग-यो ।

**३. निर्धारित विषय सूची (क) ३. अनुरूप लाभांश स्विकृत गर्ने**

आ.व. २०६४।६५ को मुनाफा मध्ये सञ्चालक समितिले प्रस्ताव गरे अनुसार प्रति शेयर रू. ६०।- नगद लाभांश वितरण गर्ने स्वीकृतिको निमित्त सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत ग-यो ।

**४. निर्धारित विषय सूची (क) ४. अनुरूप लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६५।६६ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कुल रू. ७,५०,०००।- पारिश्रमिक दिने गरी श्री जी.पी. राजवाहक एण्ड कम्पनीलाई नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**५. निर्धारित विषय सूची (क) ५. अनुरुप सञ्चालक पद दुईको निर्वाचन गर्ने**

बैंकको नियमावली अनुसार "ग" वर्गका सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद दुईको निर्वाचन गर्न प्रकाशित निर्वाचन तालिका बमोजिम पूर्वसञ्चालकद्धय श्री शम्भु प्रसाद पौड्याल तथा श्री दयाराम गोपाल अग्रवाल निर्विरोध निर्वाचित भईसक्नु भएको बारे निर्वाचन अधिकृतले जानकारी गराउनु भएको हुंदा सभाले सो को अनुमोदन गऱ्यो ।

(ख) विशेष प्रस्ताव तर्फ

**१. बोनश शेयर जारी गर्न बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने**

२०६५ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा पूंजी समायोजन कोषको रकम समेत पूंजीकृत गरी बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गरी रू. ९६,४९,०२,४००।- पु-याउन ५:२ (अर्थात् प्रत्येक ५ शेयर बराबर २ शेयर वा प्रत्येक शेयरको ४०%) को अनुपातमा बोनश शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा

कुनै भिन्न अंक (fraction) आएमा शेयरधनी समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (fraction) अंकको बोनश शेयरलाई पूर्ण (whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूंजीमा समायोजन गर्न सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गऱ्यो ।

## २. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने

बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन हुन सभापतिज्यूले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले देहाय बमोजिम सर्वसम्मतिबाट विशेष प्रस्ताव पारित गऱ्यो :

<u>प्रबन्ध पत्र तर्फ</u>

◎ दफा ४ को उपदफा (६६) पछि निम्न व्यहोराको उपदफा (६७), (६८) र (६९) थप गर्ने :

(६७) नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी विदेशी बैंक तथा वित्तीय संस्थाहरूमा लगानी गर्ने वा त्यस्ता संस्थाको शेयर खरिद गर्ने ।

(६८) विदेशी बैंक तथा वित्तीय संस्थाहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने ।

(६९) नियमनकारी निकायहरूको स्वीकृति प्राप्त गरी सामूहिक कोष तथा एकात्मक बचत योजनाहरूको प्रायोजन गर्ने, व्यवस्था गर्ने तथा जारी गर्ने ।

◎ दफा ५ को उपदफा (२) लाई देहाय बमोजिम प्रतिस्थापन गर्ने :

"बैंकको जारी पूंजी रु. ९६,४९,०२,४००।- (अक्षेरेपी रू. छयानब्बे करोड उनान्चास लाख दुई हजार चार सय मात्र) हुनेछ, जसको प्रतिकित्ता अंकित मूल्य रू. १००।- तथा ९६,४९,०२४ कित्तामा विभाजित हुनेछ ।"

◎ दफा ५ को उपदफा (३) लाई देहाय बमोजिम प्रतिस्थापन गर्ने :

"बैंकको चुक्ता पूंजी रु. ९६,४९,०२,४००।- (अक्षेरूपी रू. छयानब्बे करोड उनान्चास लाख दुई हजार चार सय मात्र) हुनेछ, जसको प्रतिकित्ता अंकित मूल्य रू. १००।- तथा ९६,४९,०२४ कित्तामा विभाजित हुनेछ ।"

◎ दफा ६ को उपदफा (१) पछि देहायको व्यवस्था थप गर्ने :

"तथापि सञ्चालक समितिले कानूनको परिधिभित्र रही समय समयमा प्रिमियम सहितको वा प्रिमियम विनाको तथा सिमित अधिकार भएको विशेष वर्गको शेयर जारी गर्न सक्नेछ । यसरी जारी गर्ने शेयर सञ्चालक समितिको निर्णय अनुसार विद्यमान शेयरधनीहरू वा कुनै खास समूहका शेयरधनी वा सर्वसाधारणलाई वा नीजि तवर (Private Placement) बाट पनि बिक्री गर्न सकिनेछ ।"

<u>नियमावली तर्फ</u>

◎ नियम २३. को अन्तमा देहाय बमोजिम थप गर्ने :

"तथापि सञ्चालक समितिले कानूनको परिधिभित्र रही समय समयमा प्रिमियम सहितको वा प्रिमियम विनाको तथा सिमित अधिकार भएको विशेष वर्गको शेयर जारी गर्न सक्नेछ । यसरी जारी गर्ने शेयर सञ्चालक समितिको निर्णय अनुसार

विद्यमान शेयरधनीहरू वा कुनै खास समूहका शेयरधनी वा सर्वसाधारणलाई वा नीजि तवर (Private Placement) बाट पनि बिक्री गर्न सकिनेछ ।"

◎ नियम २६. को उपनियम (२) को खण्ड (क) को अन्तमा देहाय बमोजिम थप गर्ने :
"तर कुनै प्रचलित कानून वा नेपाल राष्ट्र बैंकको निर्देशनले कुनै वर्ग विशेषका शेयरधनीलाई त्यस्तो प्रस्ताव गर्नु नपर्ने गरी छुट दिएमा यो व्यवस्था लागु हुने छैन ।"

◎ नियम २६. को उपनियम (२) को खण्ड (ग) को अन्तमा देहाय बमोजिम थप गर्ने :
"तर कुनै प्रचलित कानून वा नेपाल राष्ट्र बैंकको निर्देशनले कुनै वर्ग विशेषका शेयरधनीलाई त्यस्तो प्रस्ताव गर्नु नपर्ने गरी छुट दिएमा यो व्यवस्था लागु हुने छैन ।"

◎ नियम २३. लाई देहाय बमोजिम प्रतिस्थापन गर्ने :

"यदि यस नियमावलीका कुनै प्रावधान कम्पनी कानून, नेपाल राष्ट्र बैंक ऐन - २०५८, प्रचलित बैंक तथा वित्तीय ऐन वा प्रचलित कुनैपनि कानूनसंग बाझिएमा बाझिएको हदसम्म निष्कृय हुने र यहां उल्लेख नभएको विषयको सन्दर्भमा माथि उल्लेखित कानूनको परिधिभित्र रही काम कारवाही हुनेछ ।"

(ग) **विविध प्रस्ताव तर्फ**
विविध प्रस्तावमा निर्धारित छलफलको विषय सूची नं. २ (ग) "विविध" तर्फ सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको ।

**१४. स्वागत**

साथै "ग" वर्गका शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद दुईमा निर्विरोध निर्वाचित हुनुभएका सदस्यद्धय श्री शम्भु प्रसाद पौड्याल तथा श्री दयाराम गोपाल अग्रवाललाई बैंकको सञ्चालक समितिका अध्यक्ष एवं यस सभाका सभापतिले स्वागत गर्नुभयो र निर्वाचित सदस्यद्धयले बैंकको विकासको निमित्त विगतमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै वहांहरूको आगामी कार्यकालको सफलताको निमित्त शुभेच्छा व्यक्त गर्नुभयो ।

**१५. धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति महोदयले शेयरधनी महानुभावहरूबाट छलफलमा सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनुका साथै उहांहरूबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा २४औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. सभा विसर्जन**

तत्पश्चात् सभापतिज्यूले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै अपरान्ह २:३० बजे सभा विसर्जन गर्नुभयो ।



------------------                                              ---------------------------

कम्पनी सचिव                                                    सभापति